# चन्द्रागिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाण्डौ
३ नं प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६

प.सं. 2066/068
च.नं. 02

मिति : २०७७।०४।१८

विषय- तथ्याङ्क (flash -1 ,flash-2) भर्ने सम्वन्धमा ।

श्री सबै विद्यालयहरु
चन्द्रागिरी नगरपालिका काठमाडौ ।

प्रस्तुत् विषयमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको च.नं. २६१ मिति २०७७।०२।२५ को पत्रअनुसार विगत २०६१ देखि सञ्चालित सबै प्रकार र तहका विद्यालयहरुबाट प्रत्येक शैक्षिक सत्रको सुरु जेष्ठ ७ गते र अन्त्य चैत्र २३ गते सम्मको आधारमा क्रमश: flash-1र flash-2 भर्ने,अद्यावधिक गर्ने कार्यहरु निरन्तर हुदै आएकोमा covid -19 को प्रकोप र जोखिमको कारण नेपाल सरकारको मिति २०७६।१२।०६ को निर्णय अनुसार लामो समय शैक्षिक संस्था बन्दाबन्दै रहेको अवस्था भएतापनि विद्यालय तहको विद्युतिय एकीकृत विद्यालय शैक्षिक सुचना व्यवस्थापन प्रणाली (excel based electronic school level iemis) को व्वस्थापनलाई निरन्तरता दिनुपर्ने भएकोले विद्यालयको सुरक्षित अवस्थालाई ध्यानमा राखि भौतिक दुरी कायम गरी साथै अन्य सुरक्षाका उपाय अपनाइ विद्यालयसँग सम्वन्धित् अभिलेख अद्यावधिक गर्न र गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१.हाल चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना शुरु नभएकाले यस नगरपालिका भित्रका सबै प्रकारका सामुदायिक,संस्थागत,धार्मिक र अन्य प्रकृतिका विद्यालयहरु र तहका पूर्व बालविकासदेखि कक्षा १२सञ्चालित विद्यालयहरुले एकीकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणालीको (exel based electronic school level emis) file मा गत शैक्षिक सत्र २०७६ को निम्न तथ्याङ्क एवम् सूचनालाई update गर्ने ।

क.आ-आफ्नो विद्यालयको IEMIS file update गर्दा year set २०७७ बनाउने ।

ख.शैक्षिक सत्र २०७६को कक्षागत विद्यार्थी विवरण (कक्षा उत्तीर्ण, कक्षा दोहो-याउने ,कक्षा छोड्ने, वार्षिक हाजिरी दिन विवरणहरु) अद्यावधिक गर्ने ।

ग.शैक्षिक सत्र २०७६ को कक्षागत परीक्षा र विद्यार्थीहरुको प्राप्ताङ्क विवरणको प्रविष्ट र अद्यावधिक गर्ने ।

घ.शैक्षिक सत्र २०७६को कक्षागत छात्रवृत्ति विवरण अद्यावधिक गर्ने ।

ङ. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै. स. २०७६ सालको सबै प्रकार र तहका शिक्षकहरुको पूर्ण विवरण अद्यावधिक गर्ने ।

Scanned with CamScanner

# चन्द्रागिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाण्डौं
३ नं. प्रदेश, नेपाल

प.सं. २०७७/०७८ | फोन नं. ०१-४३१५७६६
च.नं. ०२ | मिति : २०७७/०४/१८

च.हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै. स. २०७६ सालको सबै प्रकारका विद्यालय कर्मचारीहरुको पूर्ण विवरण अद्यावधिक गर्ने ।

छ.हाल विद्यालयमा रहेको अभिलेख अनुसार शैक्षिक सत्र २०७६ सालको सबै प्रकारको भौतिक विवरण अद्यावधिक गर्ने ।

ज.हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै. स. २०७६ को विविधमा रहेको सबै विवरण अद्यावधिक गर्ने र आफ्नो विद्यालयको विवरण रुजु गरी ,IEMIS file save गरी राख्ने ।

२.विद्यालयले शै. स. २०७७ को नयाँ भर्ना कार्य सम्पन्न भएको भए माथि बुदाँ क. देखि ज. सम्मका सबै कार्य गरी नयाँ भर्ना भएका विद्यार्थीको विवरणसमेत add गरी IEMIS file पूर्ण गर्ने ।

३.माथि उल्लेखित कार्यहरु सम्पन्न गरेका विद्यालयहरुले आफ्नो IEMIS file यथाशीघ्र शिक्षा मानव स्रोत विकास केन्द्रको web portal: iemis.doe.gov.np मा upload गर्ने ।

४.विद्यालयल IEMIS सम्वन्धि कार्य सम्पन्न गरी Web Portal: iemis .doe.gov.np मा upload गर्नुपूर्व यस विद्यालयको IEMIS fiie मा भरिएका सम्पूर्ण विवरणहरू विद्यालयमा रहेको वास्तविक अभिलेखको आधारमा सही र पूर्ण रूपमा प्रस्तुत गरिएका छन् भनि प्रमाणित गर्दछौं ।सो मा फरक परेमा मूलुकी अपराध संहिता ऐन, किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुनवमोजिम कारवाही सहुँलावुझाउँला भन्ने व्यहोराको पत्रसमेत नगरपालिकामा पठाउने र सो को अभिलेखसमेत विद्यालयमा राख्ने ।

५.नयाँ स्थापना भएका वा हालसम्म एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Exel based electronic based school ievel IEMIS) तयार नगरेका वा नबुझाएका विद्यालयहरुले विद्यालयको नाम ,साविकको गा.वि.स./ न.पा, वडा नं. टोल साथै हालको स्थानीय तहको नाम,वडा नं. ,फोन नं. ,र प्र. अ. को नाम उल्लेख गरी यस नगरपालिकामा उपलब्ध गराउने ।

पुनश्च: हाल covid -19 को प्रकोप र जोखिम रहेकाले माथिका कार्यहरु गराउँदा आवश्यक सुरक्षाका उपायहरु अनिवार्य रुपमा अपनाउन अनुरोध छ ।

कर्ण बहादुर भुवाजी
अधिकृत दशौं

CS Scanned with CamScanner